# रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# खस्यौली, पाल्पा

Email: ribdikot.rm@gmail.com
website: www.ribdikotmun.gov.np

प.सं.:– ०७६/७७
च.नं.:– ३६८१

मिति :–२०७६/११/२३

**विषय : आवश्यक कार्यान्वयनको लागि ।**

श्री सबै वडा कार्यालयहरु
रिब्दीकोट गा.पा., पाल्पा ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं.११४, मिति २०७६।११।२१ गतेको पत्रानुसार आगामी आर्थिक वर्ष २०७७/०७८ मा यस गाउँपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम् रोजगारीमा संलग्न भई सार्बजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिना भित्रमा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निबेदन पेश गर्नु हुन र यसैसाथ संलग्न सूचना त्यस वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नुहुन साथै आबश्यक कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु हुनको लागि निवेदनको ढाँचा समेत यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

नोट : गत आ.व.मा फारममा पूर्ण विवरण नभरी फाराम उपलब्ध गराउदा कार्य प्रक्रियामा समस्या परेकोले वेरोजगार व्यक्तिको पूर्ण विवरण भरी मिति २०७७ बैशाख महिनाको पहिलो हप्ता भित्रमा बेरोजगारहरु सम्पूर्ण निबेदन यस कार्यालयमा उपलब्ध गराउनु हुन समेत अनुरोध छ ।

.............................
मणि प्रसाद खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

# रिब्दीकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## खस्यौली, पाल्पा

Email: ribdikot.rm@gmail.com
website: www.ribdikotmun.gov.np


प.सं.:– ०७६/७७
च.नं.:– ४६२

मिति :–२०७६/११/२३

### सूचीकृत हुने बारेको सूचना ।

संघीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं.११४, मिति २०७६।११।२१ गतेको पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम् रोजगारीमा संलग्न भइ सार्बजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिना भित्रमा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निबेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा यस सम्बन्धी विस्तृत जानकारी यस कार्यपालिकाको वेवसाइट ribdikotmun.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अवगत गराइन्छ ।

.............................
मणि प्रसाद खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत